## बराहक्षेत्र नगरपालिका स्वमंसेवक शिक्षक परिचालन कार्यविधि, २०७८
## नेपाल सरकारबाट प्राप्त गणित, विज्ञान र अंग्रेजी विषयको शिक्षण सहयोग अनुदान शिक्षक नियुक्ति कार्यविधि, २०७८

बराहक्षेत्र नगरपालिका भित्रका सामुदायिक विद्यालयलहरूमा स्वमंसेवक शिक्षक परिचालन तथा सेवाको प्रवर्द्धन कार्यलाई अझ बढी प्रभावकारी रूपमा सञ्चालन गरी स्वमंसेवाको माध्यमबाट नगरपालिका अन्तरगतका सामुदायिक विद्यालयहरूमा गुणस्तरिय शिक्षाका लागि बराहक्षेत्र नगरपालिकाको मिति २०७८/१०/०२ गते बसेको नवौं नगर सभाबाट स्वीकृत गरी यो कार्यविधि जारी गरिएको छ।

### परिच्छेद - १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "बराहक्षेत्र नगरपालिका स्वमंसेवक शिक्षक परिचालन कार्यविधि, २०७८" र "नेपाल सरकारबाट प्राप्त गणित, विज्ञान र अंग्रेजी विषयको शिक्षण सहयोग अनुदान शिक्षक नियुक्ति कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि अर्को व्यवस्था नहुनजेल सम्म बराहक्षेत्र नगरपालिकाको नवौं नगर सभाबाट स्वीकृत भएपछि लागू हुनेछ।

२. परिभाषाः ( १) विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) " कार्यविधि" भन्नाले बराहक्षेत्र नगरपालिका स्वमंसेवक शिक्षक परिचालन कार्यविधि, २०७८ " र "नेपाल सरकारबाट प्राप्त गणित, विज्ञान र अंग्रेजी विषयको शिक्षण सहयोग अनुदान शिक्षक नियुक्ति कार्यविधि, २०७८" सम्झनुपर्छ।

(ख) " स्थानिय तह " भन्नाले बराहक्षेत्र नगरपालिका सम्झनु पर्छ।

(ग) " स्वयंसेवक" भन्नाले स्वस्फूर्त रूपमा सुविधा लिई वा नलिइ स्वयंसेवी शिक्षण सिकाई क्रियाकलापमा संलग्न हुने व्यक्तिलाई सम्झनुपर्दछ।

### परिच्छेद - २

स्वयंसेवक परिचालनको उद्देश्य तथा क्षेत्र

३. स्वयंसेक शिक्षक परिचालनका उद्देश्य र आधारहरूः (१) बराहक्षेत्र नगरपालिका स्वमंसेवक शिक्षक परिचालन अन्तरगत स्वयंसेक शिक्षक परिचालन गर्दा दक्ष व्यक्तिलाई अल्पसमय रोजगारी दिई विद्यालय शिक्षामा शैक्षिक गुणस्तर सुधार गर्ने, सार्वजनिक सेवा प्रवाहमा सहजीकरण गर्ने, गरिबी न्यूनीकरण गर्ने , लक्ष्य प्राप्तिमा सहयोग पुर्याउने र समुदायस्तरबाट नै स्वयंसेवी भावनाको प्रवर्द्धन गर्ने उद्देश्य रहनेछ।

(२) बराहक्षेत्र नगरपालिका शिक्षक स्वयंसेवक सेवा अन्तरगत देहाय बमोजिमका विषयक्षेत्रहरूसँग सम्बन्धित जनशक्तिलाई स्वयंसेवकको रूपमा परिचालन गरिनेछः-

- सामुदायिक विद्यालयमा शिक्षक, बालबिकास (स.का)
- नगर शिक्षा समितिले तोकेका अन्य क्षेत्रहरू।

(३) स्वयंसेवक शिक्षक परिचालन गर्नका लागि सहकार्य गरिने निकाय देहाय बमोजिम रहनेछनः

- संघ, प्रदेश र स्थानिय तह
- सहकारी, सामुदायिक तथा सामाजिक विकास संघ- संस्थाहरू,
- शैक्षिक निकायहरू
- विकास साझेदारी/ अन्तराष्ट्रिय संघ संस्थाहरू

(४) स्वयंसेक शिक्षक परिचालन गर्ने निकायहरूले देहाय बमोजिमको जिम्मेवारी बहन गर्नुपर्नेछः

- खटिई आएका स्वयंसेवक शिक्षकहरूलाई तत्काल जिम्मेवारी दिई काममा लगाउने
- स्वयंसेवक शिक्षकहरूको कार्य सम्पादन मूल्याङ्कन र सुपरिवेक्षण गर्ने
- स्वयंसेवक शिक्षकहरूले पाउने तोकिए बमोजिमका सेवा सुविधाहरू सरल र सहज रूपमा उपलब्ध गराउने
- स्वयंसेवक शिक्षकहरूलाई वृत्ति विकास, क्षमता विकास र व्यक्तित्व विकास सम्बन्धी स्थानीय स्तरमा उपलत्ब्ध अवसरहरूमा सहभागी गराउने
- स्वयंसेवक शिक्षकहरूका पिरमर्का/ गुनासो सम्बोधन गर्ने

## परिच्छेद - ३

### दरबन्दी संरचना, छनौट , नियुक्ति र पदस्थापन

५. दरबन्दी व्यवस्थाः (क) बराहक्षेत्र नगरपालिका नगर सभाको निर्णय अनुसार नगरपालिकाको स्रोतबाट खर्च बेहोर्ने गरि नगर शिक्षा समितिले निर्यण गरे अनुसारको दरबन्दी संख्या शिक्षा, युवा तथा खेलकुद शाखाले तोकेका सामुदायिक विद्यालय वा सम्बन्धित विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार विद्यालयले निजी खर्च बेहोर्ने गरि सिर्जना गरिएको दरबन्दी रहने।

(ख) स्वयंसेवक शिक्षक छनौट, नियुक्ति र पदस्थापन सम्बन्धी व्यवस्थाः

(१) सामुदायिक विद्यालयमा स्वयंसेवक शिक्षक / कर्मचारी/ स.का नियुक्तिका लागि सिफारिस गर्ने प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक शिक्षक तथा कर्मचारी छनौट समिति रहनेछः

- विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समिति सदस्य - अध्यक्ष
- शिक्षा अधिकृत - सदस्य
- सम्बन्धित क्षेत्रको विषयको विषय विशेषज्ञ ( माध्यमिक शिक्षक छनोट गर्नु पर्ने भएमा शिक्षाशास्त्र विषयमा कम्तिमा स्नात्तकोत्तर वा सो सरह र अन्य तहको शिक्षक छनोट गर्नुपर्ने भएमा शिक्षाशास्त्र वियषमा कम्तिमा स्नातक तह वा सो सरह उत्तिण गरि सम्बन्धित तहमा स्थायि नियुक्ति पाएका र विषय विज्ञको सूचिका शिक्षकहरू मध्येबाट शिक्षा अधिकृतले मनोनित गरेको दुई(२) जना सदस्य
- प्रधानाध्यापक - सदस्य सचिव
- समितिले आवश्यक ठानेमा अन्य आमन्त्रित व्यक्ति सदस्य रहन सक्नेछन ।

(ग) स्वयंसेवक शिक्षक/ कर्मचारीको छनौट समितिको सचिवालय सम्बन्धित विद्यालयमा रहनेछ ।

(घ) छनौट समितिले स्वयंसेवक शिक्षक/ कर्मचारी सिफारिसका लागि लिइने परीक्षाको केन्द्र शिक्षा, युवा तथा खेलकुद शाखा रहेको क्षेत्रमा रहनेछ ।

(ङ) यस नियम बमोजिम विद्यालयले स्वयंसेवक शिक्षक करारमा नियुक्ति गरेको जानकारी शिक्षा, युवा तथा खेलकुद शाखामा जानकारी गराउनुपर्ने छ ।

(च) स्वयंसेवक शिक्षक/ कर्मचारीलाई बढिमा १ शैक्षिक सत्रका लागि करारमा नियुक्ति गर्न सक्ने छ ।

(छ) सम्बन्धित निकायबाट अनुदान प्राप्त नभएमा स्वत अवकास भएको मानिनेछ ।

(ग) शिक्षक पदको उमेदवारको लागि अयोग्यताः-

- गैर नेपाली नागरिक
- १८ बर्ष उमेर नपुगेको
- ४० बर्ष उमेर पुरा भएको
- मगज बिग्रेको
- नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतकाबाट कसुरदार ठहरिएको
- भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरि सेवाबाट वर्खास्त गरिएको
- अध्यापन अनुमति पत्र नलिएको

<u>अन्य शैक्षिक योग्यताहरू</u>

**(क) माध्यमिक तहका लागिः-**

१. सम्बन्धित विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा दश महीने तालिम प्राप्त गरेको ।

२. सामाजिक अध्ययन विषयको हकमा स्नातक तह वा सो सरह उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा दश महीने तालिम प्राप्त गरेको।

३. स्वास्थ्य जनसंख्या तथा बातावरण विषयमा उम्मेदवार बन्न स्वास्थ्य वा स्वास्थ्य र शारीरिक वा जनसंख्या विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा १० महीने तालिम प्राप्त गरेको।

४. कुनै व्यक्तिले शिक्षा शास्त्रसङ्कायतर्फ स्नातक तह उत्तीर्ण गरेको भए यस प्रयोजनको लागि तालिम प्राप्त गरेको मानिनेछ।

५. अन्य संकायबाट स्नातक तह पूरा गरी एकवर्षे बि.एड. गरेको व्यक्तिले शुरुमा स्नातक गरेको वा एकवर्षे बि.एड. गरेको मध्ये आफुले रोजेको कुनै एक विषयमा उम्मेदवार बन्न सक्नेछ।

६. अंग्रेजी, गणित, विज्ञान, लेखा, सिभिल इञ्जिनियरिङ्ग, इलेक्ट्रिकल इञ्जिनियरिङ्ग, बाली विज्ञान वा पशुपालन, कम्प्यूटर विषयमा स्नातक तह उत्तीर्ण गरेको व्यक्तिले स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको भए तालिम नभएपनि उम्मेदवार बन्न सक्नेछ।

**(ख) निम्नमाध्यमिक तहका लागि**

१. सम्बन्धित विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा दश महीने तालिम पूरा गरेको।

२. गणित/विज्ञान विषयमा उम्मेदवार हुनका लागि विज्ञान संकाय वा अन्य संकायबाट गणित र विज्ञान दुवै विषयहरुमा प्रमाणपत्र तह वा सो सरहको योग्यता हासिल गरी शिक्षा विषयमा कम्तिमा १० महीने तालिम पूरा गरेको।

३. दुईसय पूर्णाङ्कको शिक्षासम्बन्धी विषय लिई प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको भए तालिम प्राप्त मानिनेछ।

४. सामाजिक अध्ययन विषयका हकमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा दश महीने तालिम प्राप्त गरेको व्यक्ति उम्मेदवार बन्न सक्नेछ।

५. शिक्षा शास्त्र संकायबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको भए तालिम प्राप्त मानिनेछ।

**(ग) प्राथमिक तहका लागि**

१. प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा ( कक्षा-१२) उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा दश महीने तालिम पूरा गरेको वा शिक्षा शास्त्र संकायबाट प्रमाणपत्र तह ( कक्षा-१२) वा सो सरह उत्तीर्ण गरेको भए तालिम प्राप्त मानिनेछ।

नोटः-

- प्राथमिक तह स्वयंसेवक शिक्षक पदको उमेदवारको लागि सम्बन्धित विषयमा तालिम प्राप्त गरि अध्यापन अनुमति पत्र भएका उमेदारको दरखास्त प्राप्त हुन नआएमा सम्बन्धित तहको शैक्षिक योग्यता मात्र उत्तीर्ण भएका ब्यक्ति पनि उमेदवार हुन सक्नेछन।
- निम्न माध्यमिक र माध्यमिक तहका लागि नेपाल सरकाबाट गणित, विज्ञान र अङ्गेजी बिषयको शिक्षण सहयोग अनुदानमा शिक्षक नियुक्ति गर्न गणित र विज्ञान विषयमा तालिम प्राप्त गरि अध्यापन अनुमति पत्र भएका उमेदारको दरखास्त प्राप्त हुन नआएमा सम्बन्धित तहको शैक्षिक योग्यता मात्र उत्तीर्ण भएका ब्यक्ति पनि उमेदवार हुन सक्नेछन।

## परिच्छेदः- ४

१. आमा समुह गठन सम्बन्धी व्यवस्था

यस नगरपालिका अन्तरगत सञ्चालित सबै विद्यालयहरूमा विद्यार्थी नियमितता र शैक्षिक गुणस्तर सुधार गर्न कम्तिमा ७ देखि ११ सदस्य आमा समुह विद्यालयको सेवा क्षेत्र भित्रका टोलहरूमा गठन गर्ने ।

२. यस नगरपालिका र विद्यालयले आमा समुहलाई क्षमता अभिवृध्दि सम्बन्धी अभिमुखिकरण गरि परिचालन गर्ने ।

## परिच्छेदः- ५

६. संसोधन सम्बन्धि व्यवस्थाः

क. यस कार्यविधिमा व्यवस्था गरिएका प्रावधानको संशोधन गर्नु परेमा बराहक्षेत्र नगरपालिका नगर सभाले गर्ने छ ।

ख. बाधा अड्काउ फुकाउन सक्नेः यो कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आइपरेमा बराहक्षेत्र नगरपालिका नगर सभाले निर्णय गर्नेछ ।

**प्रमाणिकरण गर्नेको :**

**दस्तखत :**

**नाम थर :** श्री ऋद्धि प्रकाश सिटौला

**दर्जा :** प्रमुख प्रशासकीय अधिकृत

**पृष्ठ संख्या :** ५

**मिति :** २०७९।१०।१६

**कार्यालयको छाप :**